मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः २ | अङ्कः १४ | मितिः २०८० असोज १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति








## ५९औं राष्ट्रिय बाल दिवसको अवसरमा चित्रकला प्रतियोगिता सम्पन्न




**मर्स्याङ्दी गाउँपालिका, २९ भदौ ।** ५९औं राष्ट्रिय बाल दिवसको अवसरमा आयोजित बाल अधिकार सम्बन्धी चित्रकला (**Painting Sketch**) प्रतियोगिता, सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यतामा भदौ २९ गते सम्पन्न भयो। चित्रकला प्रतियोगितामा क्रमशः प्रथम श्री अमर मा. बि.का छात्र आसिस सुबेदी, द्वितीय श्री अरण्यज्योती आ. बि.का छात्र वीर गुरुङ, तृतीय श्री प्रभात शान्तिपुर्ण मा. बि.का छात्रा प्रमिशा गुरुङ र सान्त्वना श्री हिमचुली आ. मा. बि.का छात्रा स्मृति भण्डारी हुन सफल भएका छन् । कार्यक्रम मर्स्याङ्दी बाल संजालका अध्यक्ष सन्देश पाण्डेको अध्यक्षतामा भएको थियो ।








वर्षः २ | अङ्कः १४ | मितिः २०८० असोज १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## डेङ्गु नियन्त्रणका लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान

**मर्स्याङ्दी गाउँपालिका, १ भदौ ।** डेङ्गु रोग नियन्त्रणका लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियानको निरन्तरताकाको लागि मर्स्याङ्दी गाउँपालिकाका कार्मचारी तथा जनप्रतिनिधिहरूको संयुक्त कार्यालय परिसर सरसफाई अभियान भदौ १ गते सम्पन्न भयो । उक्त अभियान अन्तर्गत विविध सरसफाइका कार्यक्रमहरू गाउँपालिका अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य चौकीहरूमा समेत भइरहेको छ ।









## लमजुङ जिल्ला कारागारका लागि खेलकुद सामाग्री हस्तान्तरण कार्यक्रम सम्पन्न



**बेसीशहर न.पा., लमजुङ, २२ भदौ ।** निजामती सेवा दिवस २०८० को अवसरमा जिल्ला कारागार लमजुङका कैदी-बन्दीहरूको लागि मर्स्याङ्दी गाउँपालिकाको तर्फबाट कारागार प्रमुख कमलापती अधिकारीज्यूको उपस्थितिमा मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूबाट विविध खेलकुद सामाग्रीहरू हस्तान्तरण गरियो । उक्त अवसरमा क्यारामबोर्ड थान २, चेस थान २, भलिबल थान २ र भलिबल नेट थान २ हस्तान्तरण प्रदान गरिएको थियो ।







Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

मर्स्याङ्दी बुलेटीन

वर्षः २ | अङ्कः १४ | मितिः २०८० असोज १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## आत्महत्या रोकथाम तथा न्युनिकरणका लागि सचेतनामूलक कार्यक्रम कार्यक्रम सम्पन्न

**मर्स्याङ्दी गाउँपालिका, २४ भदौ ।** मर्स्याङ्दी गाउँपालिका वाड नं. ९, पाम्चोकमा आत्महत्या रोकथाम तथा न्युनिकरणका लागि सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा आशा जगाऔ, जिवन बचाऔ भन्ने नाराका साथ मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखाले सचेतनामूलक कार्यक्रम आयोजना गरेको हो ।

वडा नं. ९ का वडा अध्यक्ष हरिशचन्द्र थापाको अध्यक्षतामा भएको कार्यक्रममा पाम्चोकका स्थानीय, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका, आमा समूह लगायतको उपस्थिति थियो । सहभागीहरूलाई गाउँपालिकाका मनोविमर्शकर्ता शर्मिला घिमिरेल, कोशिश संस्थाका समाजिक परिचालक राजेन्द्र वि.क. र सिम्पानी स्वास्थ्य चौकी इन्चार्ज विवेक विकले मानसिक स्वास्थ्य, आत्महत्याका कारण, न्युनिकरण तथा रोकथामका उपायका बारेमा जानकारी गराउनुभएको थियो । साथै आत्महत्याका घटना हुन नदिन व्यक्ति स्वयं, परिवार, साथीभाइ र समुदायको भूमिका बारे जानकारी गराइएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै वडा अध्यक्ष हरिशचन्द्र थापाले समस्या पर्यो भन्दै जिवन समाप्त गर्नु कुनै समाधान नभएको भन्दै उहाँले आत्महत्या न्यूनिकरण तथा मानसिक स्वास्थ्यको क्षेत्रमा वडाको तर्फबाट गर्नुपर्ने कार्यमा आफू प्रतिवद्ध रहेको बताउनुभयो । कार्यक्रमको सहजिकरण मनोविमर्शकर्ता शर्मिला घिमिरेले गर्नुभएको थियो । कार्यक्रममा ५० जनाको सहभागिता रहेको थियो ।






## बडा दशैं २०८० को शुभकामना





राष्ट्रिय विभूती सरदार भक्ति थापा




राष्ट्रकवि माधव प्रसाद घिमिरे



भुगोलविद डा. हर्क गुरुङ




## मर्स्याङ्दी बुलेटीन

स्क्यान गरि वा

https://marsyangdimun.gov.np/bulletin

मा गई अन्य संस्करण पनि पढ्न सक्नुहुनेछ ।

मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

मर्स्याङ्दी गाउँपालिका

लमजुङ



Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal